# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ( कृषि शाखा )
फर्पिङ, काठमाडौं, ३ नं. प्रदेश, नेपाल


पत्र संख्या :- २०७६/०७७
चलानी नं. :- ५

मिति :- २०७६/०५/०१

**विषय- सुचना प्रवाह गरी सहयोग गरिदिने सम्बन्धमा ।**

श्री वडा कार्यालय (सबै),
दक्षिणकाली नगरपालिका ।

उपरोक्त सम्बन्धमा कृषि ज्ञान केन्द्र, ललितपुरको प्राप्त पत्रानुसार साना सिचाँई तथा प्लाष्टिक पोखरी निर्माण अनुदान सहयोग कार्यक्रम यस द.न.पा.भित्रका मान्यता प्राप्त कृषि सहकारी/उपभोक्ता समिति/संस्था/साविक जिल्ला कृषि कार्यालयबाट वा अरु कुनै कसैबाट कृषि विकासको लागी स्थापित भई दर्ता भएका सक्रिय कृषक समुह र कृषक उद्यमीहरुले रित पूर्वकको निवेदन सहित यहि भाद्र १० गते सम्ममा सम्बन्धीत वडा कार्यालयको सिफारिस साथ यस कृषि शाखा, फर्पिङमा सम्पर्क गराई सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

**<u>निवेदनमा उल्लेख हुनुपर्ने कागजातहरु तपसिल अनुसार रहेको छ ।</u>**

१. निर्देशिका एवं कार्यविधिको अनुसुचि १ बमोजिमको निवेदन र रु.१० को टिकट,
२. स्कीम, कार्यक्रम, आयोजना माग गर्ने भन्ने संस्थाको निर्णयको प्रतिलिपि,
३. सिचाँई आयोजनाको आधारभुत जानकारी (निर्दिष्ट फरमेट अनुसार),
४. संस्था/समिति/समुह/फर्म र कृषि ज्ञान केन्द्र, ललितपुरले व्यहोर्ने रकम वा प्रतिशत छुट्टा छुट्टै देखिने गरी आवेदक संस्थाबाट तयार गरिएको मोटामोटी विवरण,
५. रु.१००।- नगद राजश्व बापत,
६. समुह संस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिपि, कर चुक्ताको प्रतिलिपि, प्यान कार्डको प्रतिलिपि,
७. संस्थाको आधिकारीक व्यक्तिको (अख्तियारी प्राप्त व्यक्ति) नागरिकताको प्रतिलिपि,
८. संस्था/समिति/समुह/फर्म नियमानुसार नविकरण गरेको हुनुपर्ने,
९. आवेदक संस्था/समिति/समुह/फर्म दर्ता भएको कम्तीमा १ वर्ष पुरा भएको हुनुपर्ने ।

**नोटः- निजि फर्महरुले प्लाष्टिक पोखरीमा मात्र आवेदन दिन पाउने छन् ।**

..........................
तारादेवी सापकोटा
अधिकृत छैठौं
**शाखा प्रमुख**


फर्पिङ, काठमाडौं, नेपाल, फोन नं. +९७७ १ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Website : www.dakshinkalimun.gov.np